# चौतारा सागाचोकगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**चौतारा,सिन्धुपाल्चोक** बागमति प्रदेश ,नेपाल

**औषधि तथा औषधिजन्य सामान खरिदको लागि शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना ।**

प्रथम पटक प्रकाशित मिति :-२०७७/१२/१०

यस नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट नि:शुल्क बितरण गरिने औषधि तथा औषधिजन्य सामानहरु शिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले पत्रिकामा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औ दिन (२०७७।१२।२४गते) सम्म रु.३०००।– (पछि फिर्ता नहुने गरी )जम्मा गरेको सक्कल रसिद निवेदनसाथ राखी कार्यालय समय भित्र दरभाउपत्र दाता वा निजको अधिकृत प्रतिनिधिले कम्पनि वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र ,मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपीहरु तथा नवीकरणको म्याद समाप्त नभएको इजाजतपत्रहरु र आ.व. २०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यस कार्यालयको स्वास्थ्य शाखावाट दरभाउ पत्र फाराम खरिद गर्न सकिनेछ । यसरी खरिद गरिएको फारामहरु नेपाल वैंक लि. सिन्धुपाल्चोकमा रहेको यस कार्यालयको धरौटी खातामा नगद रु.८८,०००।- जम्मा गरी त्यसको सक्कल वैंक भौचर वा सो वरावरको वैंक जमानतपत्र (१२० दिन सम्म म्याद भएको) सूचना प्रकाशित भएको मितिले १६औ दिन(२०७७।१२।२५गते)दिनको ठिक १२:०० वजे सम्ममा दर्ता गराउनु पर्नेछ । कार्यालयमा नियमानुसार दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु सोहिदिन दिनको २ बजे खोलिने व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ । अन्य केहि कुराहरु बुझ्नु परेमा कार्यलयको स्वास्थ्य शाखामा सम्पर्क गरी बुझ्न सकिने छ ।

**शिलबन्दी दरभाउपत्र सम्वन्धी शर्तहरु**

१. शिलबन्दी दरभाउपत्र फाराममा दर रेट लेख्दा प्रष्टसंग अंक र अक्षरमा लेखी पेश गर्नु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

२. शिलबन्दी दरभाउपत्र फारामको दररेट स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयलाई मात्र हुने छ ।

३. म्याद नाघी आएको वा रित नपुगेको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

४. एक व्यक्ति वा फर्मको नाममा खरीद गरिएको शिलबन्दी दरभाउपत्र सोही व्यक्ति वा फर्मवाट दाखिला गराउनु पर्नेछ ।

५. शिलबन्दी दरभाउपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त कर्मचारीको दस्तखत र कार्यालयको छाप लगाएको शिलबन्दी दरभाउपत्र फाराम खरीद गर्नुपर्ने छ ।

६. शिलबन्दी दरभाउपत्र दाताले आफूले पेश गरेको सिलवन्दी खाम वाहिर शिलबन्दी दरभाउपत्र खरिद गरेको कार्यालयको नाम तथा औषधि तथा औषधिजन्य सामान खरीद सम्वन्धी शिलबन्दी दरभाउपत्र भनी उल्लेख गर्नु पर्नेछ । साथै उक्त सिलवन्दी खाम वाहिर स्पष्ट रुपमा शिलबन्दी दरभाउपत्र दाताले आफ्नो नाम र ठेगाना समेत उल्लेख गरी पेश गर्नुपर्नेछ ।

७.स्वीकृत शिलबन्दी दरभाउपत्र दातासंग खरीद आदेश गरी माग गरेको सामान बढीमा १५ दिन भित्र कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । यसरी समयभित्र दाखिला हुन नआई कार्यालयको काममा वाधा पर्न गएमा स्थानीय वजारवाट खरीद गरी सम्वन्धित बोलपत्र दाताले पाउने रकमवाट सो रकम कट्टी गरिने छ ।

८. औषधि तथा औषधिजन्य सामान कार्यालय सम्म दाखिला गर्दा लाग्ने ढुवानी तथा अन्य नियमानुसार लाग्ने करहरु शिलबन्दी दरभाउपत्र दाताले तिर्नु पर्नेछ ।

९. आपुर्ति गरीने औषधिहरु WHO GMP Certified Company बाट उत्पादीत हुनुपर्ने छ ।

१०. आपुर्ति गरीने औषधिजन्य सामानहरु ISO Certified हुनुपर्ने छ ।

११. आपुर्ति गरीने औषधिहरुको म्याद घटिमा १८ महिना सम्म बाकी भएको हुनुपर्ने अथवा म्याद गुज्रने अबधि दुई तिहाई समय बाकी भएको हुनुपर्ने छ ।

१२. आपुर्ति गरीने सिरफहरु प्लास्टीकको बोतलमा भएको हुनुपर्ने छ ।

१३. शिलबन्दी दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धिकर बाहेकको दर रेट पेश गर्नु पर्नेछ ।

१४. शिलबन्दी दरभाउपत्र दाताले फारामको प्रत्येक पानाहरुमा नमेटिने मसीले सहीछाप गरी फर्म वा कम्पनीको छाप समेत लगाउनु पर्ने छ ।

१५. शिलबन्दी दरभाउपत्र दाखिला हुने अन्तिम दिन(२०७७।१२।२५गते)दिनको२:०० वजे कार्यालयका प्रतिनिधि तथा ठेकेदार वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । निजहरु उपस्थित नभएपनि शिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन । सो दिन विदा परेमा भोलीपल्ट सोही समयमा खोलिने छ ।

१६.अन्य थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

१७. प्रत्येक शिलबन्दी दरभाउपत्र दाताले फाराममा उल्लेखित शर्तको पूर्ण रुपले पालना गर्नुपर्नेछ । उपलब्ध गराउन भनिएको विवरण अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

१८. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा कबोल अंकको नियमानुसार लाग्ने धरौटी रकम बराबरको बैंक जमानत पत्र (परफरमेन्स वण्ड) वा नगद धरौटी माथि उल्लेखित खातामा दाखिला गरेको भौचर पेश गर्नुपर्नेछ ।

१९. यस शर्तमा उल्लेख भएको वुँदाहरुको हकमा उल्लेख भए वमोजिम हुने छ र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ मा व्यवस्था भए वमोजिम तथा प्रचलित कानुन अनुसार हुनेछ ।

प्रमुख प्रसासकिय अधिकृत
चौतारा सागाचोकगढी नगरपालिका

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश
२०७३